बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८० साल जेठ महिनाको १ गते सोमवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान-सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको "उन्नाइसौं" बैठक बरी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको छलफल एवं निर्णय गरियो।

उपस्थिति :-

| | | | | |
|---|---|---|---|---|
| [signature] | १, | नगर प्रमुख | | श्री गुमान सिंह अर्याल |
| [signature] | २, | उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| [signature] | ३, | प्र. प्र. अधिकृत | | श्री इमनाथ कँडेल |
| [signature] | ४, | वडा अध्यक्ष | (१) | श्री दुर्गा बहादुर बुढाथोकी |
| [signature] | ५, | —"— | (२) | श्री मदन बहादुर राना |
| [signature] | ६, | —"— | (३) | श्री चित्र बहादुर दनाई |
| [signature] | ७, | —"— | (४) | श्री गम बहादुर गुरुङ |
| [signature] | ८, | —"— | (५) | श्री इन्द्र बहादुर गुरुङ |
| [signature] | ९, | —"— | (६) | श्री प्रकाश थापा |
| [signature] | १०, | —"— | (७) | श्री कृषिराम बस्नेत |
| [signature] | ११, | —"— | (८) | श्री पवित्रा थापा राना |
| [signature] | १२, | —"— | (९) | श्री खुशी जङ गुरुङ |
| [signature] | १३, | —"— | (१०) | श्री गंगा बहादुर थापा |
| [signature] | १४, | —"— | (११) | श्री शिव प्रसाद जोशी |
| अनुपस्थित | १५, | कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| [signature] | १६, | —"— | | श्री श्रीनाथ दुलाल |
| [signature] | १७, | —"— | | श्री कल्पना थापा वोहरा |
| [signature] | १८, | —"— | | श्री विमला न्यौपाने अधिकारी |
| [signature] | १९, | —"— | | श्री सुक माया गुरुङ |
| [signature] | २०, | —"— | | श्री सुक माया घर्ती |
| [signature] | २१, | —"— | | श्री मनिता परियार |

सहजकर्ता कर्मचारी

| | | | |
|---|---|---|---|
| [signature] | २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| [signature] | २३, | प्रशासन अधिकृत | श्री गोविन्द बहादुर राउत |

[signature]
गुमान सिंह अर्याल
नगर प्रमुख

# बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

***नगर कार्यपालिकाको मिति २०८० जेठ १ गतेको बैठकका प्रस्तावहरु***

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा ।
२. चालु आ.वको हालसम्मको आम्दानी खर्च विवरण सम्बन्धमा ।
३. चालु आ.व.को बजेट संकुचन सम्बन्धमा ।
४. योजना संझौता र फरफारक सम्बन्धमा ।
५. आगामी आ.वको बार्षिक योजना तर्जुमा कार्यतालिका सम्बन्धमा ।
६. सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म लमजुङलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
७. वडास्तरीय योजना संशोधन सम्बन्धमा । (वडा नं २,३,४,८,९)
८. विविध

- डिस्प्ले बोर्ड सम्बन्धमा ।
- खेलकुद समिति गठन सम्बन्धमा ।
- पशुमा लाग्ने महामारीजन्य रोगको सम्बन्धमा ।
- शौचालय विहीन विपन्न घरपरिवारको शौचालय निर्माण सम्बन्धमा ।
- राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियानलाई निरन्तरता दिने सम्बन्धमा ।
- आइ इ इ को सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८० बैशाख १३ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे यस कार्यपालिका बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : चालु आ.व.को हालसम्मको आम्दानी खर्च विवरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक बर्ष २०७९।८० को २०८० बैशाख मसान्तसम्मको आय विवरण एवम् चालु तथा पूँजीगत खर्च विवरण प्रस्तुत भई जानकारी भयो ।

**निर्णय नं. ३ : चालु आ.व.को बजेट संकुचन सम्बन्धमा ।**

चालु आर्थिक बर्ष २०७९।८० को संघीय तथा प्रदेश समानीकरणतर्फको कुल बजेट मध्ये अन्तिम किस्ताको ५०% रकम निकासा नहुन सक्ने तथा अन्य शिर्षकमा पनि समानुपातिक तवरले बजेट घट्न सक्ने सम्भावनाको बारेमा बैठकमा छलफल गरियो ।

**निर्णय नं. ४ : योजना संझौता र फरफारक सम्बन्धमा ।**

बजेट विनियोजन भई उपभोक्ता समितिहरुसंग हालसम्म सम्झौता हुन नसकेका चालु आ.व. २०७९।८० का पूँजीगत आयोजनाहरुको सम्झौता गर्ने म्याद मिति २०८० जेठ १५ गतेसम्म मात्र कायम राख्ने तथा आयोजनाहरुको निर्माण कार्य सम्पन्न गरी फरफारक गर्ने म्याद २०८० जेठ मसान्तसम्म राख्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : आगामी आ.वको बार्षिक योजना तर्जुमा कार्यतालिका सम्बन्धमा ।**

आगामी आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमाको सन्दर्भमा देहाय अनुसारको कार्यतालिका बमोजिम कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

१. बस्ती तथा टोलस्तरीय भेला- २०८० जेठ ७ गते भित्र
२. चालु आ.व.को नीति, कार्यक्रम तथा बजेटको अवस्था विश्लेषण तथा समीक्षा - २०८० जेठ ९
३. सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रसंग पूर्व बजेट छलफल- २०८० जेठ १०
४. नगरबासी बुद्धिजीवी, समाजसेवीहरुसंग सुझाव माग गर्ने (लिखित तथा डिजिटल)- २०८० जेठ ११
५. राजश्व परामर्श समितिको बैठक- २०८० जेठ ८ र २२ गते ।
६. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक- २०८० जेठ १२
७. नगर कार्यपालिका बैठक- २०८० जेठ १४
८. वडास्तरीय योजना तर्जुमा गोष्ठी- वडा नं १ देखि ११ सम्म क्रमशः जेठ १५ देखि जेठ २५ सम्म ।
९. बिषयगत समितिको बैठक :
   क)सामाजिक विकास समितिको बैठक : २०८० जेठ २८
   ख)आर्थिक विकास समिति : २०८० जेठ २९
   ग)पूर्वाधार विकास समिति : २०८० जेठ ३०
   घ)वन, वातावरण तथा विपद् व्यवस्थापन समिति- २०८० जेठ ३१
   ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन समिति - २०८० जेठ ३२ गते
१०. बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक- २०८० असार ३
११. नगर कार्यपालिका बैठक- २०८० असार ५
१२. नीति, कार्यक्रम तथा बजेट नगरसभामा पेश- २०८० असार १०
१३. नीति, कार्यक्रम तथा बजेट नगरसभाबाट स्वीकृत- २०८० असार मसान्त ।

**निर्णय नं. ६ :सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म लमजुङलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।**

सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म लमजुङको च.नं ३७६ मिति २०८०।०१।२६ को प्राप्त पत्र समेतका आधारमा सो निकायको लागि भवन तथा अन्य आवश्यक संरचना निर्माणको लागि जग्गा आवश्यक परेको सम्बन्धमा छलफल हुँदा बेसीशहर नगरपालिका वडा नं ३ पात्लेचौरमा रहेको कित्ता नं ३७६ को १७-१४-३-१ मा क्षेत्रफलमा फैलिएको सार्वजनिक जग्गा सम्वन्धित वडाध्यक्षको अध्यक्षतामा भएको सर्वपक्षीय भेलाको निर्णय समेतको आधारमा सो गुल्मलाई उपलब्ध गराउन मालपोत कार्यालय लमजुङलाई सिफारिश गर्ने निर्णय गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं. ७ : वडास्तरीय योजना संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० मा कार्यान्वयनको लागि छनौट भएका देहाय वमोजिमका वडास्तरीय आयोजनाहरु देहाय वमोजिम संशोधन/ब्रेक डाउन गर्ने निर्णय गरियो ।

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.समग्र व्यवसायिक कृषि परियोजना बेनपा ३ | १०००००० | १.१ ५०% अनुदानमा ५० जनालाई टनेल घर निर्माण तथा सिलपोलिन वितरण बेनपा ३<br>१.२ कागती तथा सुन्तलाको विरुवा वितरण, बेनपा ३<br>१.३ चण्डीबाट बेसारे सडक स्तरोन्नति, बेनपा ३<br>१.४ थापा चौतरा कालीकाठ सडक स्तरोन्नति, बेनपा ३<br>१.५ कमलटारी झप्री गोरेटो बाटो निर्माण, बेनपा ३<br>१.६ साहुबारी तिलबारी सडक स्तरोन्नति, बेनपा ३ | ३७५०००<br>१०००००<br>२२५०००<br>१०००००<br>१०००००<br>१००००० |
| २. फुटकर योजना तथा कार्यक्रम बेनपा ४ | ३७९००० | २. हिले पँधेरो मुहान संरक्षण, बेनपा ४ | ५०००० |
| ३.कृषि तथा पशु लक्षित कार्यक्रम, बेनपा १ | १००००० | ३.१ सिम्ले कुलो मर्मत बेनपा १ नयाँगाउँ<br>३.२ पौडेलगाउँ टोल सुधार समिति मिल खरिद, बेनपा १ | ५५०००<br>४५००० |
| ४.लक्षित वर्ग कार्यक्रम बेनपा ९ | ४००००० | ४.१ कम्प्युटर तालिम बेनपा ९<br>४.२ दिवा खाजा कार्यक्रम प्रगतिशिल बाल विकास केन्द्र, बेनपा ९<br>४.३ दिवा खाजा कार्यक्रम बालज्योति विकास केन्द्र बेनपा ९<br>४.४ दिवा खाजा कार्यक्रम सरस्वती बाल विकास केन्द्र, बेनपा ९<br>४.५ सरसफाई सामाग्री खरिद बेनपा ९<br>४.६ वडा कार्यालय सेफ्टी ट्याङ्की निर्माण बेनपा ९ | ११७०००<br>१५०००<br>१५०००<br>२५०००<br>१२०००<br>६०००० |

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०२/०१ को बैठक

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| | | | |
| ४.१ महिला तथा बालबालिका, बेनपा २ (वडास्तरीय)<br>४.२ कोलबाटो दलितटोल खानेपानी योजना, बेनपा २ (नगरस्तरीय)<br>४.३ फुटकर योजना तथा कार्यक्रम, बेनपा २ | १०००००<br>१०००००<br>३६०००० | ४.१ ठूलो पँधेरो दलितबस्ती पहिरो नियन्त्रण (फुटकरबाट रु ५० हजार समेत गरी ) बेनपा २<br>४.२ ताल निकास हुँदै वडा कार्यालयसम्म जाने गोरेटो बाटो निर्माण, बेनपा २ (फुटकरबाट)<br>४.३ उद्घोषण कला सम्बन्धी तालिम बेनपा २ (फुटकरबाट) | २५००००<br>५००००<br>१५००० |
| ५. विपद् व्यवस्थापन खर्च, बेनपा ८ | ३००००० | ५. झिंगेखोला अप्सरा थापाको घर नेरको पहिरो र ठूलो खोल्साको पहिरो नियन्त्रण, बेनपा ८ | ३००००० |
| ६.कृषि भेटनरी कार्यक्रम, बेनपा ५ | ३००००० | ६.वडा कार्यालय नयाँ भवन व्यवस्थापन, बेनपा ५ | ६८००० |
| ७. फुटकर योजना तथा कार्यक्रम, बेनपा ५ | २३७००० | ७.१ सन्तमाया परियार (विपन्न) जस्तापाता खरिद, बेनपा ५<br>७.२ होम बहादुर गुरुङ आगलागी राहत (विपद्) बेनपा ५<br>७.३ सिलाई कटाई तालिमका सहभागी अवलोकन भ्रमण (गाडी भाडा, बेनपा ५)<br>७.४ गोरे कामी पहिरो पिडीत राहत, बेनपा ५<br>७.५ वडा कार्यालय ढोका निर्माण, बेनपा ५ | १५०००<br>२००००<br>१५०००<br>२००००<br>३९००० |
| ८. फुटकर योजना तथा कार्यक्रम, बेनपा १ | ३००००० | ८.१ मानविरे कुलो र काँध कुलो सरसफाई, बेनपा १<br>८.२ राष्ट्रिय परिचयपत्र दर्ता शिविर नपुग खर्च, बेनपा १<br>८.३ उदिपुर कालिका मन्दिर व्यवस्थापन समिति, बेनपा १ | १७०००<br>२६२१०<br>१०००० |



गुमान सिंह अर्याल
नगर प्रमुख

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| | | ८.४ खासुर प्रगतिशिल युवा क्लब खुल्ला दलित फुटबल खेल प्रतियोगिता | ५००० |

**निर्णय नं. ८ : डिस्प्ले बोर्ड सम्बन्धमा ।**

बेसशहर नगरपालिका ६ मा जडान गरिएको बेसीशहर नगरपालिका लेखिएको डिस्प्ले होर्डिङ बोर्डलाई सुरक्षित र आकर्षक बनाउन बोर्डको पछाडि फलामको पाता राख्ने तथा अन्य आवश्यक कार्य गर्ने कार्यको लागि अ.ल्या थप (सडक कालोपत्रे लागत साझेदारी) शिर्षकबाट रु. १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : खेलकुँद समिति गठन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकास्तरीय नगर खेलकुँद विकास समिति गठन गर्ने र सो क्रममा समिति गठनको लागि सबै वडाले प्रत्येक वडास्तरीय समितिबाट ३ जना (कम्तिमा १ जना महिला सहित) का दरले युवाहरु छनौट गरी मिति २०८० जेठ ५ गते हुने भेलामा सहभागी गराउने र उक्त कार्यका लागि वडा नं ७,९ र १० का वडाध्यक्षहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १० : पशुमा लाग्ने महामारीजन्य रोगको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्रका पशु चौपायाहरुमा Lumpy Skin Disease (LSD) नामक महामारीजन्य रोग देखा परेको प्रयोगशालाबाट समेत पुष्टि भएको सन्दर्भमा उक्त घातक रोग नियन्त्रणको लागि स्मार्ट पशुसेवा प्राविधिक सहयोगमा विनियोजित बजेट रु. २ लाख मध्येबट खोप खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : शौचालय विहीन विपन्न घरपरिवारको शौचालय निर्माण सम्बन्धमा ।**

नगरपालिका भित्रका केही वडाहरुमा शौचालय विहीन घरपरिवारहरु भेटिएको हुँदा विपन्न अवस्थामा रहेका शौचालय विहीन घरपरिवारहरुको शौचालय निर्माणको लागि नगरपालिकाबाट कार्यसम्पन्न भए पश्चात भुक्तानी हुने गरी WASH योजना कार्यान्वयन शिर्षकबाट प्रति शौचालय रु १० हजारका दरले अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२ : राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियानलाई निरन्तरता दिने सम्बन्धमा ।**

जिल्ला प्रशासन कार्यालय लमजुङले जिल्लाका सबै नगरपालिका तथा गाउँपालिकाहरुमा सञ्चालन गरेको राष्ट्रिय परिचय पत्र विवरण संकलन अभियान यस बेसीशहर नगरपालिकाका केही वडाहरुमा सञ्चालन नभएको तथा केही वडाहरुमा सञ्चालन भईरहेको अवस्थामा रोकिएको हुँदा उक्त अभियानलाई निरन्तरता दिन जिल्ला प्रशासन कार्यालय लमजुङलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : प्रारम्भिक वातावरणीय परीक्षणको सम्बन्धमा ।**

नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा, ग्राभेल आदि) को उत्खनन्, संकलन तथा विक्रीको लागि बेसीशहर नगरपालिका क्षेत्रभित्रका श्रोत जम्मा हुने घाट तथा स्थानहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य सम्पन्न गर्न बेसीशहर नगरपालिका र श्री DAS Environmental and Engineering Research Center,



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०२/०१ को बैठक

kathmandu बीच मिति २०७९।११।१९ मा रु. ४,३१,२०८।- (चाल लाख एकतीस हजार दुई सय आठ) मा सम्झौता भएकोमा उक्त सेवाप्रदायक संस्थाबाट मूल्यांकनको क्रममा ४ वटा घाटको निस्कने परिमाण बार्षिक ८१ हजार घनमिटर भन्दा बढी परिमाण संकलन हुने अवस्था रहेको हुँदा यसको लागि कानून वमोजिम वातावरणीय प्रभाव मूल्यांकन ( EIA ) गर्न समय अभाव भएकोले उक्त खण्डहरुलाई विभाजन गरी कार्य सम्पन्न गराउने र प्रतिवेदन प्राप्त भए पश्चात सेवा प्रदायकलाई नियमानुसार लाग्ने कर सहित जम्मा रु. ५ लाख भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४ : गरीबसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १० मा सञ्चालित गरीवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत चालु आ.व. २०७९।८० मा प्राप्त बजेटबाट समुहको माग तथा सम्बन्धित वडाको सिफारिश समेतका आधारमा गिरीराज कुखुराको चल्ला वितरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख